## विपन्न लक्षित छात्रवृत्ति भर्ने भराउनेसम्बन्धी सबै सामुदायिक विद्यालय र विद्यार्थीहरूलाई सूचना

विगत वर्ष झैं यस आ.व. २०७६/७७ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिको सहकार्यमा नेपालभरका सामुदायिक विद्यालयका माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विपन्न विद्यार्थीहरुको पहिचान गरी उनीहरुलाई विपन्न लक्षित छात्रवृत्ति कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । उक्त छात्रवृत्ति प्राप्त गर्न कक्षा ८ र १० मा अध्ययनरत गरिब तथा विपन्न विद्यार्थीहरुले PMT फाराम भर्न तथा सम्बन्धित विद्यालयहरुले भराउन यो सूचना प्रकाशित गरिएको छ । यसका लागि तल उल्लिखित प्रक्रिया पूरा गर्नुपर्नेछ ।

१. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको Website www.doe.gov.np र विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिको Website www.sfafdb.edu.np मा गई PMT फाराम डाउनलोड गर्नुपर्नेछ ।

२. उक्त फाराम विद्यालयले प्रिन्ट गरी फाराम भर्न इच्छुक विद्यार्थी/अभिभावकलाई उपलब्ध गराउनुपर्नेछ ।

३. सम्बन्धित विद्यार्थीले विद्यालयबाट उपलब्ध भएको फाराममा उल्लिखित सम्पूर्ण सूचकहरु सत्य/साँचो भरी आफ्नो अभिभावकबाट प्रमाणित गराई प्र.अ.समक्ष पेस गर्नुपर्नेछ ।

४. सम्बन्धित विद्यार्थी/अभिभावकबाट पेस भएको फाराम प्र.अ.ले सिफारिस गरी प्रमाणीकरण ( ख्भचषष्अबतष्यल)का लागि सम्बन्धित वडामा पेस गर्नुपर्नेछ ।

५. विद्यालयले उपरोक्त १. २. र ३. को प्रक्रिया पुऱ्याई विद्यालयमा प्राप्त भएका PMT फारामहरु शिक्षा तथा मानव स्रोत विकास केन्द्रको iemis.gov.np मा log in गरी PMT Templete मा उल्लिखित सम्पूर्ण सूचकहरु भर्नु भराउनु पर्नेछ ।

६. सम्बन्धित वडाबाट प्रमाणित फाराम विद्यालयले सुरक्षित राख्नु पर्नेछ ।

७. अनलाइन तथा हार्डकपीबाट प्राप्त सबै विद्यार्थी विवरण सम्बन्धित विद्यालयले उक्त PMT Templete iemis.doe.gov.np मा Upload गर्नु पर्नेछ ।

पुनश्चः अनलाइन फाराम भराउने सामुदायिक विद्यालयहरुले तपसिलको विषय र प्रक्रियाहरुमा ध्यान दिनुहुन अनुरोध छ :

१) फाराम भर्ने विद्यार्थी तथा भराउने विद्यालयले ध्यान दिनुपर्ने कुराहरु

क) विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिमा हुने विद्यार्थीको नाम र विद्यालयले शैक्षिक तथ्याङ्क Flash Report मा उल्लेख भएको Student ID मा भएको विद्यार्थीको नाम एकै हुनेगरी पद्धति विकास गरिएकोले Student ID नभरेका विद्यालयहरुले छात्रवृत्ति फाराम भर्न भराउन सक्ने छैनन् ।